**नेपाली / *NEPALI***

**लागि: विद्यार्थी, संकाय तथा कर्मचारीहरू**

**बाट: Robert Cramer, अर्थ तथा प्रशासनका उपकुलपति**

**विषय: जुन ३० तारिखको क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका बारेमा अपडेट**

क्याम्पस समुदाय,

हाम्रो क्याम्पसलाई शीतल राख्ने क्षमतालाई एकदमै सीमित बनाएको फुटेको चिसो पानी लग्ने पाइपलाई तपाईंहरूले मिलेर मर्मत गर्न प्रदान गर्नुभएको सहायता र प्रयासहरू प्रति म मनबाटै धन्यवाद दिन चाहन्छु।

हाम्रो अघिल्लो अपडेटमा लेखे अनुसार, हाम्रो शीतलता प्रदान गर्ने क्षमतालाई प्राथमिक क्षेत्रहरूमा पठाइने क्रममा *UW–Madison* क्याम्पसका केही हिस्सा भवनहरू अब सर्वसाधारणका लागि बन्द छन् र शीतल बनाइएको छैन। अरू भवनहरूमा सामान्य भन्दा बढी गर्मी र ओसहरू महसुस हुन्छ।

महत्त्वपूर्ण रूपमा, **क्याम्पस अझै खुला छ र चलिरहेको छ**। हामी खुला रहे तापनि हाम्रा संकाय, कर्मचारी, विद्यार्थीहरू अनि कैयौँ पाहुनाहरू उच्च प्राथमिकतामा रहनुहुन्छ अनि हाम्रो उद्देश्य पछयाउँदै सुरक्षा बढुवा गर्न बनाइएको हाम्रो अपडेटहरू प्रतिको तपाईंको निरन्तर ध्यानको लागि तपाईंलाई धन्यवाद दिन चाहन्छौँ।

धेरै जनाले सोध्नुभएको छ यस समस्याको समाधान कहिले हुन्छ र हाम्रो अनुमान अझै पनि एक वा बढी महिना जति लाग्नेछ भन्ने छ। सङ्केतहरू राखिएको र सीमित कस्टोडियल सेवाहरू हुने भवनहरू, बाहिरको तापक्रम जति भएपनि मर्मत पुरा नभएसम्म बन्द रहने अपेक्षा गरिनेछ।

*UW–Madison* समुदाय अगाडि बढ्नुभएर कसरी सहयोग गर्न सकिन्छ सोध्नुभएको छ। असर कम गर्न र बिजुली खपत कम गर्न हामी सबैले सामान्य कामहरू गर्न सक्छौं, जसमा समावेश छन्:

- बत्तीहरू निभाउने।
- भवनहरू भित्र बाहिर गर्न कम गर्ने।
- पर्दा र झ्यालहरू बन्द राख्ने।
- झ्यालहरू खोलेर बाहिरको हावा भित्र आउन नदिने (जसले गर्दा भवनहरू झनै तातो हुन्छन्)।
- झ्यालमा राख्न मिल्ने वा व्यक्तिगत शीतल पार्ने मेशिनहरू नल्याउने। (पङ्खाहरू ल्याउन पाइन्छ।)
- प्रयोगमा नहुने तातो हावा फ्याल्ने सामानहरूलाई बन्द गर्ने। कृपया साझा फ्रिजहरू बन्द नगर्नुहोला।

यो एउटा जटिल परिस्थिति हो र हामीले एउटा *FAQ* वेबसाइट बनाएका छौं, जसलाई हामीले अझै विशेष असरहरूका साथ अपडेट गरिरहेका छौं।

सामान्यतया आफ्नो विशेष प्रश्नहरू आफ्नो स्थानीय तहका सुपरभाईजर वा म्यानेजरलाई सोध्ने सल्लाह दिन्छौं। विकल्पमा, तपाईंले आफ्नो *HR* प्रतिनिधि, डीनको कार्यालय वा निर्देशकहरूलाई अझै जटिल प्रश्नहरू पनि सोध्न सक्नुहुन्छ। जानकारी पाउन वा विशेष समस्या समाधान गर्नका लागि कृपया chilledwaterconcerns@wisc.edu मा ईमेल पठाउनुहोला।

हामीले अपडेटहरू पाउने बित्तिकै alerts.wisc.edu वेबसाइटमा राख्नेछौँ। तपाईंको सहायता र समझदारीका लागि धन्यवाद।

Robert Cramer
अर्थ तथा प्रशासनका उपकुलपति